जीतपुरसिमरा उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

जीतपुर, बारा

प्रदेश नं. २, नेपाल ।

## डिप बोरिङ्ग सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति : २०७७।०१।१८**

यस कार्यालयको चालु आ.व. २०७६।०७७ को नगर स्तरीय स्वीकृत कार्यक्रम अनुसार तपसिलमा उल्लेखित सामाग्री सिलबन्दी दरभाउपत्र माध्यमबाट खरिद गरिने हुँदा इच्छुक फर्महरुले निम्नशर्तहरुको अधिनमा रही रितपूर्वकको शिलबन्दी दरभाउपत्र पेश गर्नुहुन आव्हान गरिन्छ ।

**तपसिल**

| दरभाउपत्र नं. | समानको विवरण | अनुमानित लागत मुल्य (मु.अ.कर बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर रु. | बोलपत्रखरिद गर्ने अवधि |
|---|---|---|---|---|---|
| JSMC/SQ/Construction//NS/5/076/077 | डिप बोरिङ्ग निर्माण | ९,३५,१६६।३८। | २३,५००।०० | १०००।०० | १५ पन्ध्र दिन |

**शर्तहरु**

१) दरभाउपत्रदाताले खामको बाहिरपट्टी दरभाउपत्रको नं. दरभाउपत्र पेश गर्ने फर्मको नाम, ठेगाना र यस उपमहानगरकार्यपालिकाको नाम र ठेगाना प्रष्ट लेख्नु पर्नेछ ।

२) शिलबन्दी दरभाउपत्र फाराम माथी उल्लेख भएअनुसारको(पछि फिर्ता नहुने गरी) रकम तिरी यो सूचना प्रकाशित भएको मितिले १५औं दिनभित्र कार्यालय समयमा खरिद गर्न सकिने छ ।

३) दरभाउपत्र दाखिला गर्दा स्थायी लेखानम्बर प्रमाणपत्रको प्रतिलिपी, मूल्यअभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपी र आ.व. ०७५।०७६को कर चुक्तापत्र पेश गर्नु पर्नेछ ।

४) दरभाउपत्र फाराममा अंक र अक्षरमा केरमेट नगरी स्पष्टसँग लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । म्याद नाघी वा रीत नपुगी आएको दरभाउपत्र उपर कनै कार्यवाही हुने छैन ।

५) यस कार्यालयवाट प्रमाणित भएको सक्कल दरभाउपत्र मात्र मान्य हुनेछ ।

६) दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६औं दिनको १२:०० बजे भित्र यस उ.म.न.पा. कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ । सोही दिनको १:०० बजे यस कार्यालयमा दरभाउपत्र दाताको रोहवरमा शिलबन्दी दरभाउपत्र खोलिने छ । उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ । दरभाउपत्र खोल्दा दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न वाधा पर्ने छैन ।

७) उपमहानगरपालिका भित्र रहेको फर्म, कम्पनी वा व्यवसायीहरुले उपमहानगरपालिकाबाट व्यवसाय इजाजत पत्र लिएको प्रमाण दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

८)धरौटी रकम यस कार्यालयको श्री नेपाल बैंक जीतपुर शाखामा रहेको हि.नं. १०००३०००००००००३००००००१ धरौटी खातामा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यताप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको ७५ (पचहत्तर) दिनको म्यादभएको बैंक ग्यारेन्टीको सक्कलप्रति पेश गर्नुपर्नेछ ।

९) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा स्थगन गर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ ।

१०) दरभाउपत्र साथ राखिएको धरौटी कार्य अवधि समाप्त भएपछि नियमानुसार फिर्ता दिईनैछ ।

११) यस वहेकका अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुने छ ।

१२) यस वारेमा अन्य केहीवुझ्नु परेमा कार्यालय समय भित्र ०५३ ४१२१७३ सम्पर्क गर्न सकिनेछ ।

१।१८।

Scanned with CamScanner